# नेपाली कांग्रेस

## नवलपरासी (ब.सु.प) क्षेत्र नं.-१

# प्रतिज्ञा-पत्र

प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२



फागुन २१

# विनोद चौधरी

प्रतिनिधि सभा सदस्य उम्मेदवार

## राजनीतिक पृष्ठभूमि:

**आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरु,**

देशमा गत २०८२ भदौ २३ र २४ गतेको अकल्पनीय, अप्रत्यासित तथा अत्यन्तै दुःखदायी घटना र परिघटना पश्चात् बदलिएको विषम राजनीतिक परिवेशका बीच २०८२ फागुन २१ गते प्रतिनिधिसभा सदस्यका लागि निर्वाचन हुँदै छ । नेपालको संविधान २०७२ ले अंगीकार गरेको "संघीय लोकतान्त्रिक गणतन्त्र"को रक्षा र लिक बाहिर पुगेको संवैधानिक मूल्य-मान्यतालाई पुनः लिकमा ल्याउनका लागि पनि भयरहित र शान्तिपूर्ण वातावरणमा यो निर्वाचन सम्पन्न हुन अपरिहार्य छ त्यसैले, सो दिन आ-आफ्नो मतदान केन्द्रमा उपस्थित भई आफ्नो अमूल्य मतको सदुपयोग गर्नुहुन हार्दिक अपिल गर्दछौँ ।

## श्रद्धा र सम्मान:

यो अवसरमा हामी नेपाली कांग्रेसका संस्थापक/अग्रजहरु सर्वप्रथम जननायक स्व. बीपी कोइराला, स्व. सुवर्णशमशेर जबरा., स्व. गणेशमान सिंह, स्व. कृष्णप्रसाद भट्टराई, स्व. गिरिजाप्रसाद कोइराला, स्व. सुशील कोइराला, स्व. मंगलादेवी सिंह, स्व. शैलजा आचार्यलगायतका नेता तथा नवलपरासी पश्चिमका सम्पूर्ण प्रातः स्मरणीय अग्रजहरुलाई श्रद्धापूर्वक स्मरण गर्न चाहन्छौं । साथै, विभिन्न कालखण्डमा नेपालको लोकतान्त्रिक संघर्षयात्राका क्रममा र दसवर्षे द्वन्द्वकालमा शाहदत प्राप्त गर्ने सम्पूर्ण ज्ञात-अज्ञात शहीद तथा भदौ २३ र २४ गतेको जेनजी विद्रोहका क्रममा ज्यान गुमाउने सबैप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै सबै परिवारजनमा गहिरो समवेदना ब्यक्त गर्दछौँ ।

## GenZ विद्रोह! एक सङ्क्षिप्त समीक्षा:

केही वर्षयता नेपालको राजनीतिक क्षेत्र सधैँ अस्थिर रहँदै आयो । बितेका ३४ वर्षमा ३० पटक सरकार परिवर्तन भयो । देशका प्रायः राजनीतिक दलका शीर्ष नेतत्वमा रहेको सत्ता केन्द्रित मनोविज्ञानका कारण आफ्ना मूल्य-मान्यता विपरीत पनि (कथित पवित्र/अपवित्र) जुनसुकै किसिमको गठबन्धन (सहमति) गरेरै भए पनि सरकारमा पुग्नैपर्छ भन्ने सोच हावी हुन गयो । स्वार्थ मिल्दासम्म सँगै सरकारमा बस्ने र नमिल्दा सरकार छोडेर फेरि अर्कोसँग गठजोड गर्ने काम भयो । सोही कारण उनीहरूप्रति नकारात्मक भावना देखा पर्न थाल्यो । स्वरोजगार र रोजगारीका भरपर्दो वातावरण बनाउन नसक्दा चाहे रोजगारीका नाममा होस्, चाहे उच्च शिक्षा अध्ययनको नाममा होस् । हाम्रा लाखौँ युवा/विद्यार्थी देश बाहिर जाने क्रम रोकिएन । सरकार परिवर्तन हुँदै गर्दा पनि नीतिगत स्थिरता हुन सकेन । अतः राष्ट्रको समुन्नतिमा कुनै नकारात्मक असर पर्ने छैन- भन्न मिल्ने अवस्था पनि हमीले बनाउन सकेनौँ । यद्यपि अस्थिरताका बीच पनि बितेको ३० वर्षमा शिक्षा, स्वास्थ्य, सञ्चार र भौतिक पूर्वाधारका अनेकन् काम भएका थिए । निजी क्षेत्रको व्यापक विस्तार नेपाली कांग्रेसकै नीतिको सह-

उत्पादन थियो । तर, भ्रष्टाचारका अनेकन् प्रकरणको चर्चा र सुशासन अभावका कारण जे–जति प्रगतिका काम भएका थिए ती सबै ओझेलमा परे । विगतका सरकारका कतिपय जिम्मेवार व्यक्तिहरुको गलत व्यवहार/शैलीले नागरिकको असन्तुष्टिको आगोमा क्रमशः घ्यु हालिरहेका थिए । यसै बीच "सामाजिक सञ्जाल विधेयक" सत्ता गठबन्धनमा सहमति बेगर सरकारले दर्ता गरेको थियो । बिनातयारी हठात् सामाजिक सञ्जाल बन्द गर्दा विशेषतः युवामा रोष छुँदै थियो । सञ्जालहरु नेपालमा दर्ता गर्न यसकारण अनिवार्य जरुरी छ भन्ने न्यारेटिभ विकास नगरी बन्द गर्दा र त्यसले उत्पन्न गर्ने प्रतिक्रियाले गम्भीर दुष्परिणाम ल्याउन सक्छ भन्ने आकलन गर्न नसक्दा अन्ततः त्यसले देशलाई जेनजी विद्रोहमा पुऱ्यायो ।

भदौ २३ र २४ को विद्रोहको तत्कालीन कारण "सामाजिक सञ्जाल बन्द" देखिए पनि यसका पछाडि थुप्रै राजनीतिक, आर्थिक, सामाजिक कारण थिए । असन्तुष्टि र निराशाको मैदानमा घुसपैठ गरेर त्यसलाई ध्वंसमा पुऱ्याउने छद्मभेषीहरुले त मौकाको फाइदा उपयोग गरे नै । तर, कैयौँ होनहारले ज्यान गुमाउनुपऱ्यो । कैयौँ घाइते भए । राष्ट्रिय धरोहर, सरकारी तथा निजी सम्पत्ति जलेर ध्वस्त भए । यो दुःखद् र गम्भीर चित्रको चिरफार जरुरी छ ।

## नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशन र बदलिएको कांग्रेसः

नेपाली कांग्रेसमा विगतदेखि जकडिएर रहेको यथास्थितिवाद अन्त्यका लागि पार्टीभित्रका युवा नेताहरुले लामो समयदेखि आवाज उठाउँदै आए । ती आवाज सुन्न खोजिएन, बहुमतको आडमा दबाइयो । तर, अहिले देशको परिस्थिति भिन्न भयो । यथास्थितिवादलाई कायमै राखेर पार्टी सकाउने कि ? पार्टी जोगाउने ? यो गम्भीर परिस्थितिका बीच नेपाली कांग्रेसले आफ्नो दोस्रो विशेष महाधिवेशन गत २०८२ पुस २७ गते सम्पन्न गरेको छ । सद्भाव, सुशासन र समुन्नतिको संकल्पसहित देशको राजनीतिक, आर्थिक, सामाजिक, सुशासनको क्षेत्रमा विद्यमान विकृति/विसंगतिलाई हटाउँदै सिंगो देश बदल्नका लागि पहिले आफैं बदलिनुपर्छ भन्ने भावनालाई कांग्रेसले आत्मसात् गरेको छ । यो विशेष महाधिवेशनले केवल नेतृत्व मात्रै परिवर्तन गरेन । यसले नीति र नेतृत्व दुवै परिवर्तन गरेको छ । आफूभित्र रहेको विगतका कमी–कमजोरीलाई पुनः दोहोरिन नदिने वाचासहित पार्टी "पुनः निर्माण र पुनः पहिचान" (Re-building/ Re-branding) गर्ने महत्वपूर्ण निर्णय गरेको छ । देशका हरेक राजनीतिक परिवर्तनमा अग्रणी/महत्वपूर्ण जिम्मेवारी निर्वाह गरेको कांग्रेसले कहिल्यै पनि सस्तो प्रचारबाजीको राजनीति गरेन र गर्दैन । लोकतान्त्रिक मूल्य र मान्यताको सिद्धान्तमा कांग्रेस दृढ र अटल थियो, अटल रहनेछ । देशभरका कांग्रेसजन र यसका शुभचिन्तकमा रहेको निराशा अब हटेको छ । यो विशेष महाधिवेशनले पार्टीभित्र गुटको अन्त्य भएको सुखद् सन्देशसमेत दिएको छ ।

## अबको सरकार नेपाली कांग्रेसको:

पछिल्लो कालखण्डमा नेपाली समाजमा जे-जस्ता मनोवैज्ञानिक द्वन्द्व, असन्तुष्टि र छटपटी देखिएका छन्। त्यसका पछाडिका प्रतिनिधिमूलक कारण हामीले माथि उल्लेख गर्‍यौँ। हामीले अझ गहिराइमा गएर निराशाको जरामै पुग्नु छ। त्यसको सूक्ष्म पहिचानपछि त्यसलाई हल गर्ने संकल्पसाथ अबको दशकको यात्रा तय गर्नुछ। २०४८ सालपछिको साढे तीन वर्षको नेपाली कांग्रेसको एकल बहुमतको सरकारले लिएका नीतिले देशलाई प्रगतिको बाटोमा लग्यो। अस्थिर सरकार रहँदा देशको समग्र अवस्था कस्तो हुने रहेछ भन्ने तीतो अनुभव छँदै छ। अहिले पुराना र नयाँ भनेर एउटा नौलो राजनीतिक हथकन्डा प्रयोग गरिँदैछ। हामी सबै सचेत रहन जरुरी छ।

अहिले समयले फेरि नेपाली कांग्रेसलाई बहुमत दिलाई जनताप्रति उत्तरदायी स्थिर सरकार बनाउन आवश्यक छ भन्ने कुरा पुष्टि गरेको छ। नेपाली कांग्रेसका केन्द्रीय सभापति सबैका आशा र भरोसाका केन्द्र युवा नेता गगनकुमार थापालाई पार्टीले भावी प्रधानमन्त्रीका रुपमा अगाडि सारेको छ। देशका यावत् समस्याको पहिचान सम्बोधनसहित देशमा सुशासन तथा समुन्नतिका लागि थप बल पुऱ्याउन एवं नवलपरासी (ब.सु.प.) निर्वाचन क्षेत्र नं. १ को अधुरो विकास योजना पूरा गरी थप प्रगतिका लागि यस क्षेत्रका उम्मेदवार विनोद चौधरीलाई "रुख" चिन्हमा मतदान गरी विगतमा झैँ अत्यधिक मतले विजयी गराउन हार्दिक अपिल गर्दछौँ।

## नेपाली कांग्रेसको तर्फबाट नवलपरासी जिल्ला निर्वाचन क्षेत्र नं. १ का लागि प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार विनोद चौधरीज्यूले २०७९ को निर्वाचनमा व्यक्त गरेका प्रतिबद्धता र तीन वर्षमा भएका उपलब्धिहरु:

आममतदातामाझ सार्वजनिक रुपमा दस्तावेजमार्फत यहाँहरुको हातहातमा पुऱ्याइएको कुरा अवगत गराउन चाहन्छौ। जसमा २०७९ सालमा गरिएको ३१ बुँदे प्रतिबद्धतापत्र जारी गरिएकोमा अधिकांश बुँदाहरु कार्यान्वयन भइसकेको र केही कार्यान्वयनको चरणमा रहेको व्यहोरा समेत अनुरोध गर्न चाहन्छौं।

# हाम्रा अबका प्रतिबद्धताहरू:

## शिक्षा



१. यस निर्वाचन क्षेत्रभित्र रहेका प्रत्येक पालिकामा प्रतिवर्ष प्राथमिकताको आधारमा दुईवटा सामुदायिक विद्यालयलाई नमुना विद्यालयका रुपमा विकास गर्ने नीति लिइनेछ ।
२. आवश्यकता अनुसार सीमान्तकृत, अतिविपन्न र विद्यालयको पहुँचदेखि बाहिर रहेका विद्यार्थीलाई लक्षित गरी विशेष शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
३. व्यावहारिक र सीपमूलक शिक्षामार्फत विद्यार्थीहरुलाई आत्मनिर्भर एवं स्वावलम्बी बनाउन शैक्षिक संस्थाहरुमा प्राविधिक शैक्षिक कार्यक्रम अगाडि बढाइनेछ ।
४. दाउन्नेदेवी बहुमुखी क्याम्पस, दिव्यज्योति बहुमुखी क्याम्पस र त्रिभुवन बहुमुखी क्याम्पसजस्ता उच्च शिक्षा प्रदान गर्ने क्याम्पसलाई थप स्तरीकरण गरी उच्च शिक्षाको आकर्षक गन्तव्यको रुपमा विकास गरिनेछ ।
५. सामुदायिक विद्यालयमा आवश्यकताअनुसार डिजिटल कक्षा र पुस्तकालयको व्यवस्था गरिनेछ । एक शिक्षक एक ल्यापटप कार्यक्रम सञ्चालनका लागि सम्वन्धित निकायसँग समन्वय गरिनेछ ।
६. गुणस्तरीय शिक्षा र युवाको भविष्यलाई दृष्टिगत गर्दै उच्च शिक्षाका लागि विदेशिने अवस्थालाई रोक्न स्वदेशमै प्राविधिक तथा व्यावसायिक शिक्षाका निम्ति विदेशी विश्वविद्यालयसँग सम्बन्धन लिई उच्च शिक्षा प्रदान गर्न पाउने नीति निमार्ण गर्न पहल गरिनेछ ।
७. शिक्षण पेसालाई थप मर्यादित र आकर्षक पेसाका रुपमा स्थापित गर्न संसद्को पहिलो अधिवेशनबाट शिक्षा ऐन पारित गर्ने प्रतिबद्धता व्यक्त गरिन्छ ।
८. शिक्षक तथा विद्यालय कर्मचारीका माग सम्बोधन हुने गरी नीति तर्जुमा गर्न प्रभावकारी भूमिका निर्वाह गरिनेछ ।
९. गुणस्तरीय शिक्षा समुन्नत नेपालको आधार भएकोले मौजुदा शिक्षा नीतिको परिमार्जन एवं संशोधन गर्न पहल गरिनेछ ।
१०. विद्यार्थी र युवाहरुको प्रतिभा प्रस्फुटन गर्न स्पोर्टस् एकेडेमी (Sports Academy) को स्थापना गर्न सम्बन्धित निकायबाट बजेट विनियोजनका लागि आवश्यक समन्वय गरिनेछ । बर्दघाट-४ स्थित क्याम्पा चौर रंगशाला लगायत अन्य रंगशालालाई स्तरीकरण गर्न आवश्यक समन्वय गरिने छ ।
११. यस निर्वाचन क्षेत्रभित्र रहेका गुरुकुल, बौद्ध विहार, मदरसालगायत अन्य धार्मिक शिक्षण संस्थाको स्तरोन्नति गरी व्यवस्थित गरिनेछ ।

# स्वास्थ्य




१. हाल सञ्चालनमा रहेका अव्यवस्थित खोप केन्द्रलाई पालिकाहरुको समन्वयमा सुविधासम्पन्न भवन निर्माण गरी व्यवस्थित खोप केन्द्र सञ्चालन गर्न प्राथमिकता दिइनेछ ।

२. हरेक नागरिकको सुलभ र गुणस्तरीय स्वास्थ्य सेवाका लागि टोलटोलमा स्वास्थ्य आमा समूह, गाउँघर स्वास्थ्य क्लिनिक सञ्चालन गर्न समन्वय गरिनेछ ।

३. महिलाहरुको पाठेघरमा देखिने समस्या समाधानका लागि निःशुल्क शल्यक्रिया सेवालाई थप प्रभावकारी बनाइनेछ ।

४. बर्दघाट-२ चिसापानीमा निर्माणाधीन ट्रमा सेन्टरलाई सम्पन्न गरी यथाशीघ्र सेवा सञ्चालन गरिनेछ ।

५. चिसापानी अस्पतालको स्तरोन्नति गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

६. बर्दघाट-१४ चौपत्तास्थित शहीद स्मृति सामुदायिक अस्पताललाई धुलिखेल अस्पतालसँगको समन्वयमा डायलासिस सेवासहितका अन्य गुणस्तरीय स्वास्थ्य सेवा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । यसलाई प्रादेशिक अस्पतालका रुपमा सञ्चालन गर्न पहल गरिनेछ ।

७. शल्यक्रिया तथा अन्य आवश्यक समयमा सहजै रगत उपलब्ध गराउनका लागि रक्त सञ्चार केन्द्र (Blood Bank) स्थापनाको अवधारणा अगाडि बढाइनेछ ।

८. सुस्तामा निर्माणाधीन नगर अस्पताल र सरावलमा १५ शय्याको अस्पताल निर्माण सम्पन्न गरी स्थानीय स्तरमै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध हुने वातावरण बनाइनेछ ।

९. बर्दघाट नगरपालिका, सरावल, प्रतापपुर र सुस्ता गाउँपालिकाभित्र आवश्यकता अनुसार बर्थिङ सेन्टर र त्यहाँ आवश्यक पर्ने चिकित्सक एवं स्वास्थ्यकर्मी उपलब्ध गराउन आवश्यक पहल गरिने छ ।

१०. जगन्नाथपुरमा रहेको आधारभूत अस्पताल र प्रतापपुरमा रहेको आयुर्वेदिक केन्द्रलाई गुणस्तरीय सेवा प्रदान गर्न थप स्तरोन्नति गरिनेछ ।

११. "एक विद्यालय एक नर्स" कार्यक्रम सञ्चालन गर्न आवश्यक नीति तर्जुमा गरिनेछ ।

१२. स्वास्थ्य चौकीहरुमा आवश्यकताअनुसार एमबीबीएस डाक्टरको उपलब्धता सुनिश्चित गर्न पहल गरिनेछ ।

१३. हाल कार्यान्वयनमा रहेको स्वास्थ्य बिमा कार्यक्रमलाई थप व्यवस्थित गरी स्थायी सेवा प्रदान गर्न नीतिगत र बजेट व्यवस्थापनका लागि पहल गरिनेछ ।

१४. "स्वास्थ्य सुरक्षाको विषय, होपरोपकारको विषय होइन"(Health is not Charity, health is security) भन्ने यथार्थलाई दृष्टिगत गर्दै गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्ने नीति बनाउन पहल गरिनेछ ।

१५. सर्पदंश उपचार केन्द्रलाई पूर्ण क्षमतामा सञ्चालन गरी पर्याप्त मात्रामा भाइल उपलब्ध गराइनेछ ।

१६. रेबिजविरुद्धको खोप (Anti Rabies Vaccine) सर्वसुलभ रुपमा उपलब्ध गराइनेछ ।

# कृषि



१. कृषिलाई आधुनिकीकरण र व्यावसायिक बनाई आत्मनिर्भर हुन कृषि नीति बनाउन पहल गरिनेछ ।

२. नवलपरासीलाई केरा र उखु जोनको रुपमा विकास गरी उखुको उचित मूल्य निर्धारण गरी यसको भुक्तानी छिटो गर्ने व्यवस्थाका लागि पहल गरिनेछ ।

३. कृषिमा युवालाई आकर्षित गरी उन्नत बिउबिजन, बेर्ना तथा मलको उचित व्यवस्थापन गरी कृषि उत्पादन र बजारीकरणको नीति कार्यान्वयनमा ल्याइनेछ ।

४. कृषि योजना तथा उत्पादनका आधारमा कृषकलाई बिनाझन्झट अनुदान तथा सहुलियत पूर्ण कर्जा व्यवस्थापनका लागि आवश्यक नीति तर्जुमा गरिनेछ ।

५. उत्पादित कृषि वस्तुको ग्रेडिङ गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बजारीकरण गर्न पहल गरिनेछ ।

६. पालिका र प्रदेशले पहिचान गरेका कृषि सडक र विद्युतीकरणका अधुरा कार्यलाई पूर्णता दिइनेछ ।

७. बाँझो जमिनलाई प्रयोगमा ल्याउन र कृषि उत्पादन वृद्धि गर्न सिँचाइ सुविधालाई थप प्रभावकारी बनाइनेछ ।

८. बाँझो जमिन र प्रयोगमा नरहेका सार्वजनिक जमिनमा फलफूल तथा जडीबुटीजन्य खेतीमार्फत स्वरोजगार कार्यक्रम सञ्चालन गर्न विद्यमान कानुनी जटिलता हटाउनेतर्फ विशेष ध्यान दिइनेछ ।

९. गण्डक नहरलाई व्यवस्थित बनाई सम्पूर्ण शाखा माइनरमा पूर्णरुपमा पानी संञ्चालन गरि सिंचाईको व्यवस्था प्रभावकारी बनाइने छ ।

# उद्यमशीलता/स्वरोजगार




१. यस निर्वाचन क्षेत्रभित्र उद्यमशीलताको विकास र प्रवर्द्धनका लागि स्थापना गरिएको औधोगिक ग्राममा साना, मझौला तथा ठूला उद्योग सञ्चालनमा ल्याई स्थानीय कच्चा पदार्थको उच्चतम प्रयोग गर्दै रोजगारी वृद्धि गर्न लगानीकर्ता सम्मेलनलगायतका काम गरिनेछ ।

२. महेशपुर, बडसार, भुताहा संसारकोट हुँदै कालीगण्डकी करिडोर व्यापारिक मार्ग सञ्चालनमा ल्याई यस क्षेत्रको व्यापार प्रवर्द्धन गर्ने तथा रोजगारी सिर्जनाको पहल गरिनेछ ।

३. उद्यमशीलतामा महिला र युवालाई आकर्षित गरी आत्मनिर्भर एवं स्वावलम्बी बनाउन बिनाझन्झट स्टार्टअप (Start up) कर्जा उपलब्ध गराउन सम्बन्धित निकायमार्फत व्यवस्था मिलाउन विशेष ध्यान दिइनेछ ।

४. युवालाई रोजगार लक्षित सीपमूलक तालिम तथा रोजगारमा रहेकालाई केन्द्रित गरी क्षमता तथा कर्यदक्षता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ ।

५. विदेशमा आर्जन गरेको सीपलाई स्वदेशमा उपयोग गरी आत्मनिर्भरता तथा स्वदेशी उद्यमशीलता विकास लागि आवश्यक वातावरण मिलाइनेछ ।

६. डिजिटल मार्केटिङ (Digital Marketing), इलेक्ट्रिसियन, प्लम्बिङ, टेलरिङ, व्युटिसियन, अटो मेकानिकलजस्ता सीप विकास तथा प्रवर्द्धन गरिनेछ ।

७. लगानीकर्ताका लागि उद्योगमैत्री नीति र लगानी आकर्षित गर्ने वातावरण निर्माणका कार्य गरिनेछ ।

# आवास व्यवस्थापन तथा सहरीकरण:



१. भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई दीर्घकालीन व्यवस्थापनका लागि आवश्यक कानुन निर्माण गरी जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउन पहल गरिनेछ ।

२. भूमिहीन दलित तथा सुकुम्बासी मुसहर तथा अतिविपन्न वर्ग पहिचान गरी व्यवस्थित आवासको व्यवस्था मिलाउन

केन्द्र, प्रदेश, स्थानीय निकाय तथा गैरसरकारी संस्थासँग आवश्यक समन्वय गरिनेछ ।

३. प्रदूषण नियन्त्रण र हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

४. एकीकृत ल्यान्ड फिल्ट साइट (िबलम ँष्भमि क्ष्तभ) निर्माणका लागि आवश्यक समन्वय गरिनेछ ।

## सडक तथा भौतिक पूर्वाधारः



१. हुलाकी सडक निर्माण सम्पन्न गर्न विशेष ध्यान दिइनेछ ।

२. बर्दघाट सरावल, प्रतापपुर र सुस्ता जोड्ने पालिका रिङरोड निर्माणको पहल गरिनेछ ।

३. सोमनीदेखि बर्दघाट १४ किमिसम्मको सडक सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

४. ठूलो खैरटहवा, सिसहनीया, तुलसीनगर अधुरो बाटो कालोपत्रे सम्पन्न गर्न निरन्तर पहल गरिनेछ ।

५. बर्दघाट ११, १२, १३, ६, ७ र ५ वडा जोड्ने चार लेन सडकसहित हुलाकी मौराटाँडी ११ र १२ को सिमानाबाट ३,६,७ हुँदै औद्योगीक ग्राम जोडिने सडक निर्माणमा ध्यान दिइनेछ ।

६. बर्दघाट-१० भुताहा अमरदीप टोल, आम्बास, संसारकोट, पटुके हुँदै दुम्कीबास जोड्ने वैकल्पिक सडक मार्ग स्तरोन्नति गर्न आवश्यक पहल लिइनेछ ।

७. बर्दघाट टीसीएन चोकदेखि प्रतापपुर, सुस्ता हुँदै त्रिवेणी जोड्ने बाटोलाई चार लेनमा विस्तार गर्ने कार्यलाई क्रमशः अगाडि बढाइनेछ ।

८. बर्दघाटदेखि उत्तरी नाका पाल्पासम्म जोड्ने पर्यटन एवं व्यापारिक मार्ग निर्माणका लागि यथाशीघ्र पहल गरिनेछ ।

९. सूर्यपुरा महेशपुर सडक आगामी वर्षभित्र कार्य सम्पन्न गर्न आवश्यक पहल गरिनेछ । साथै, सूर्यपुरादेखि त्रिवेणीसम्म उक्त सडक विस्तारका लागि पनि प्रक्रिया अगाडि बढाइनेछ ।

## पर्यटन

१. सुस्ता गाउँपालिकामा रहेको नेपालको सबैभन्दा लामो झोलुंगे पुलको संरक्षण र प्रवर्द्धन गरी आन्तरिक र बाह्य पर्यटनको विकास गरिनेछ ।

२. सुस्वौरा, आम्बास, संसारकोटलगायतका क्षेत्रमा होमस्टे सञ्चालन गरी पर्यटन प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ ।

३. शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी सर्किटसँग यस क्षेत्रका धार्मिक तथा पर्यटकीय क्षेत्रलाई जोड्न सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।



४. यस क्षेत्रका धार्मिक तथा पर्यटकीय स्थल बुद्धमंगल ताल, अनोमा घाट, कञ्चनगढी, संसारकोट सिमसार, चुरे उद्यान, त्रिवेणी धामको संरक्षण, विकास र प्रवर्द्धन गरिनेछ ।

५. पालिका, प्रदेश र संघीय सरकारसँग समन्वय गरी त्रिवेणी घाटमा विद्युतीय शवदाहगृह निर्माण गर्नुका साथै घाटलाई व्यवस्थित गरिनेछ ।

६. पालिका, प्रदेश र संघीय सरकारसँगको समन्वयमा यस क्षेत्रभित्रका धार्मिक, पर्यटकीय मठमन्दिर, चर्चा, गुम्बा, मस्जिदलगायतका धार्मिक आस्थाका केन्द्रको संरक्षण र प्रवर्द्धनको पहल गरिनेछ ।

# महिला, बालबालिका तथा जेष्ठ नागरिक

१. मर्यादित महिनावारी (Dignified Menstruation), सुरक्षित मातृत्व र पोषणका लागि उपयुक्त कानुन निर्माण गर्न विशेष ध्यान दिइनेछ ।



२. गर्भवती र सुत्केरी महिलाका लागि नियमित स्वास्थ्य जाँचको प्रबन्ध मिलाइनेछ ।

३. बालअधिकार सुनिश्चितताका लागि आवश्यक कानुन निर्माणको पहल गरिनेछ ।

४. फरक क्षमता भएका बालबालिका तथा महिला पहिचान गरी आवश्यक सेवाको प्रबन्ध मिलाइनेछ ।

५. बालबालिका तथा महिलालाई नीति निर्माण एवं निर्णय प्रक्रियामा सहभागिताका लागि कानुनी प्रबन्धमा सहजीकरण गरिनेछ ।

६. एकल महिला, अपांगता र जोखिममा भएका समूहलाई सहुलियत कार्यक्रम सञ्चालन गर्न ध्यान दिइनेछ ।

७. ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गर्न आवश्यक बजेट व्यवस्थापनका लागि सम्वन्धित निकायसँग समन्वय गरिनेछ ।

८. संरक्षण अभावमा रहेका ज्येष्ठ नागरिकलाई सुविधासम्पन्न आवास केन्द्र व्यवस्थापनको पहल गरिनेछ ।

९. ज्येष्ठ नागरिक, एकल महिलालगायत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आएका नागरिकको सम्मान र आत्मबल बढाउन समयानुकूल सामाजिक सुरक्षा भत्ता वृद्धिको पहल गरिनेछ ।

## सेवा प्रवाह तथा सुशासनः

१. सार्वजनिक निकाय तथा कार्यालयहरुबाट प्रवाह हुने सेवामा ढिलासुस्तीलाई अन्त्य गर्न डिजिटलाइज गरी सहज र पारदर्शी बनाउन पहल गरिनेछ ।

२. आवश्यक कानुन निर्माण गरी भ्रष्टाचार न्यूनीकरण गर्न संसद्मा प्रभावकारी भूमिका निर्वाह गरिनेछ ।

३. सार्वजनिक सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाउन आवश्यक कानुन निर्माण गर्न पहल गरिनेछ ।

४. प्रत्येक ६/६ महिनामा सार्वजनिक बहसको रुपमा जनतासँग सांसद कार्यक्रम सञ्चालन गरिनेछ ।

५. नागरिकका गुनासा सुनुवाइ तथा समस्या समाधानका लागि यस निर्वाचन क्षेत्रमा र काठमाडौंमा सचिवालय सञ्चालन गरी चुस्त ढंगले जनताका समस्या सम्बोधन गरिनेछ ।

## अन्य

१. सुस्ता, सरावल, बर्दघाट र प्रतापपुरमा रहेको डुबान समस्याका लागि पहल गरिनेछ ।

२. सूर्यपुरा जलविद्युत् आयोजनाको क्षमता अभिवृद्धिका लागि आवश्यक समन्वय गरिनेछ ।

३ भाषा, कला र संस्कृति संरक्षणका लागि यस निर्वाचन क्षेत्रमा प्रज्ञा प्रतिष्ठान स्थापनाको पहल गरिनेछ ।

४. आदिवासी जनजाति, अल्पसंख्यक, सीमान्तकृत वर्ग एवं समुदायलाई आवश्यक नीति मार्फत् नीति निर्माण एवं निर्णय प्रक्रियामा सहभागिता साथै पहुँच बढाउने कार्य गरिनेछ ।

५. यस निर्वाचन क्षेत्रभित्रका सम्पूर्ण नागरिकलाई शुद्ध खानेपानीका लागि 'एक घर एक धारा अभियान' सञ्चालन गरिनेछ ।

६. यस क्षेत्रमा देखा परेको नदी कटान रोकथामका लागि तटबन्धको प्रबन्ध मिलाउन सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिनेछ ।

७. गण्डक सम्झौताअनुसार स्थानीयबासीहरुले प्राप्त गर्नुपर्ने सुविधा उपलब्ध गराउन कूटनीतिक पहल गरिनेछ ।

# नेपाली कांग्रेस

सुशासन र समुन्नतिको VISION

मेरो मत रुखमा

## नेपाली कांग्रेसको ध्येयः
## समुन्नत नेपाल, सम्मानित नेपाली

१. सम्मानित भएर बाँच्न पाउने नेपाल

२. सपना देख्न सक्ने नेपाल

३. सम्पत्ति र रोजगारी सृजनालाई प्रोत्साहन गर्ने नेपाल

४. पेटभरी खुवाउने, देशलाई चिनाउने किसानको नेपाल

५. ओखती र ओत दिने नेपाल

६. छोराछोरी पढाउन आर्थिक भार नपर्ने नेपाल

७. बेथिती र हैरानीमुक्त विधिको शासन भएको नेपाल

८. मौलिकतामा गर्व गर्ने आधुनिक नेपाल

९. विश्वले सम्मान गर्ने स्वाभिमानी नेपाल

१०. समुन्नतिमा लम्कने नेपाल

रुख चिन्हमा मतदान गरौं




## नेपाली कांग्रेस

चुनाव प्रचार प्रसार समिति

निर्वाचन क्षेत्र नं. १ नवलपरासी (बसुप)

विनोद चौधरीको सम्पर्क सचिवालय
binodchaudharypol@gmail.com

Mr.BinodChaudhary BinodKChaudhary binodk.chaudhary